World Vision

# सन् २०१८



## वार्षिक प्रतिवेदन

नेपाली जुटौं
बाल विवाह रोकौं

# विषयसूची


०३ सारसंक्षेप

०४ उपलब्धिहरू

०६ शिक्षा

०८ स्वास्थ्य

१० संरक्षण

१२ उत्थानशीलता

१४ नेपाल भूकम्प प्रतिकार्य

१७ कार्यक्रम जवाफदेहिता

१८ अनुदान

२० राष्ट्रिय स्तरको पैरवी तथा सहकार्य

२२ अभियान

२६ स्पोन्सरसीप

२८ आर्थिक प्रतिवेदन

३१ कार्यक्षेत्र

३२ परिमार्जित रणनीति



# हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायसँग कार्य गरी उनीहरुलाई गरिबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक इसाई मान्यतामा आधारित राहत, विकास र पैरवी गर्ने संस्था हो। वर्ल्ड भिजनले धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको आधारमा भेदभाव नगरी सबैको सेवा गर्दछ।

वर्ल्ड भिजनले नेपालमा सन् २००१ मा दीर्घकालीन विकास कार्यक्रमको सुरुवात गरेको हो। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले विगतका वर्षमा १४ जिल्लामा समुदायसँग साझेदारी गरी बालबालिकाको सम्वृद्धिका निम्ति काम गरेको छ। यस संस्थाले हाल ६ वटा प्रदेशका मोरङ, सुनसरी, उदयपुर, सिन्धुली, काठमाडौ, लमजुङ, रुपन्देही, जुम्ला, अछाम, कैलाली र डोटी गरी ११ वटा जिल्लामा विकासका कार्यक्रमहरू लागू गरिरहेको छ।

सन् २०१५ को अप्रिल र मे महिनामा नेपालमा आएको विनाशकारी भूकम्पपछि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले भूकम्पबाट अति प्रभावित जिल्लाहरू सिन्धुपाल्चोक, सिन्धुली, ललितपुर, भक्तपुर, काठमाडौं, गोरखा, धादिङ, दोलखा, र नुवाकोटमा सरोकारवाला, संघ संस्था, सरकार र समुदायसँगको साझेदारीमा राहत, पुनर्लाभ र पुनर्स्थापना गरी तीन चरणका कार्यक्रमहरू सञ्चालन गरेको थियो। मानवीय सहायताका क्षेत्रमा काम गर्ने सरोकारवाला, संघ संस्था, सरकार तथा समुदायका साझेदारहरूसँग सहकार्य गर्दै वर्ल्ड भिजन इन्टरनेसनल नेपालले बालबालिका र परिवारको पुनर्लाभ तथा तिनको उत्थानशीलता अभिवृद्धिका लागि सहयोग गरेको थियो।

# राष्ट्रिय निर्देशकको सन्देश



प्रिय मित्रहरू,

वर्ल्ड भिजनको यस 'वार्षिक प्रतिवेदन-सन् २०१७' भित्र सन् २०२० सम्ममा नेपालका १० लाख बालबालिकाको दिगो समृद्धिका लागि गरिबी तथा असमानताका कारकहरू सम्बोधन गर्ने रणनीतिअन्तर्गत वर्ल्ड भिजनले गरेका कार्यहरू समावेश गरिएको छ ।

वर्ल्ड भिजनले सन् २०१७ मा अति जोखिममा रहेका बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउने कार्यलाई पुनः जोड दिएको थियो । यो वर्ष नेपालका १४ जिल्लामा बसोबास गर्ने झण्डै ७,२०,००० मानिसलाई सहयोग उपलब्ध गराइएको र प्रणालीलाई मजबुत बनाउने कार्य भएको छ । यस क्रममा सरकार, समुदाय, दाता र स्थानीय साझेदारसँग मिलेर सहकार्य गरिएको थियो । हामीले शिक्षा, बाल संरक्षण, मातृशिशु स्वास्थ्य तथा पोषण, विपद जोखिम न्यूनीकरण र जीविकोपार्जन जस्ता क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेका थियौं । वर्ल्ड भिजनले दीर्घकालीन विकास कार्यक्रम सञ्चालन गरेका जिल्लासहित भूकम्पबाट प्रभावित अन्य ३ जिल्लामा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरेको थियो भने तराईमा बाढीबाट प्रभावित क्षेत्रमा प्रतिकार्य कार्यक्रम सञ्चालन गरेको थियो ।

वर्ल्ड भिजनले बाल विवाह अन्त्यका लागि नयाँ अभियान प्रारम्भ गरेकाले आ. व. २०१७ हाम्रा लागि निकै महत्वपूर्ण वर्ष बन्न पुगेको छ । यस अभियान 'नेपाली जुटौं, बाल विवाह रोकौं' वर्ल्ड भिजनको विश्वव्यापी अभियानको एक अंश हो । बालहिंसाविरुद्ध सम्पूर्ण विश्व एकजुट हुनुपर्छ भनेर नयाँ अभियान थालनी गरेसँगै हानिकारक अभ्यासबाट बालबालिकालाई सुरक्षित राख्ने कार्यमा आम मानिसको सहभागिता र प्रतिबद्धता दुवै बढिरहेको छ । कुनै एक व्यक्ति, समूह वा संगठनको प्रयासबाट मात्रै बाल विवाह निर्मूल गर्न सकिँदैन भन्ने तथ्यलाई हाम्रो अभियानले समेत संकेत गर्छ ।

यस प्रतिवेदनमा समावेश प्रगति विवरण हाम्रा कर्मचारी तथा साझेदारको सिर्जनशीलता र परिश्रमको परिणाम हो । त्यसैले उहाँहरू सबैलाई म धन्यवाद व्यक्त गर्न चाहन्छु ।



लिज साटो
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन इन्टरनेसनल नेपाल

# सारसंक्षेप

यस प्रतिवेदनमा सन् २०२० सम्ममा नेपालका १० लाख बालबालिकाको दिगो समृद्धिका लागि गरिबी र असमानताका कारकहरू सम्बोधन गर्ने हाम्रो रणनीतिक लक्ष्यमा आ. व. २०१७ (सन् २०१६ अक्टोबर १ देखि सन् २०१७ सेप्टेम्बर ३० सम्म) मा भएका प्रगतिबारे चर्चा गरिएको छ। वर्ल्ड भिजनको रणनीतिक उद्देश्यको परिधिमा रहेर तयार पारिएको यो प्रतिवेदनमा उपलब्धिहरूलाई तथ्यांकसहित प्रस्तुत गरिएको छ। यसमा अनुदान तथा स्पोन्सरसीपबाट सञ्चालित कार्यक्रम, कार्यक्रम जवाफदेहिता, सरकारसँगको सहकार्य र आर्थिक प्रतिवेदनको समेत मूल्याङ्कन समावेश छ।

नेपालमा आएको विनाशकारी भूकम्पपछि वर्ल्ड भिजनले सञ्चालन गरेको प्रतिकार्य कार्यक्रमको उपलब्धीलाई समेत यस प्रतिवेदनमा राखिएको छ। भूकम्पबाट प्रभावित बालबालिका तथा समुदायका अत्यावश्यक आवश्यकता परिपूर्ति गर्ने, उनीहरूको उत्थानशीलता तथा आफूलाई पहिलाकै अवस्थामा फर्काउन सक्ने क्षमतामा वृद्धि गर्ने र आफू सुरक्षित छु भन्ने भाव पुनः सिर्जना गर्ने उद्देश्यले सञ्चालित जीविकोपार्जन, स्वास्थ्य, शिक्षा, बाल संरक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता, आवास तथा पूर्वाधार निर्माण परियोजनामार्फत् भूकम्प प्रतिकार्य कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ।

यस प्रतिवेदनले आ. व. २०१७ मा हासिल गरिएका निम्न उपलब्धिमाथि प्रकाश पारेको छ :

- चौध वटा जिल्लामा कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा स्थानीय समुदाय, सरकार तथा गैरसरकारी साझेदारसँग सहकार्य गरिएको र दीर्घकालीन विकास तथा भूकम्प प्रतिकार्य कार्यक्रमबाट ७,२१,८१७ मानिस लाभान्वित भएका।

- दीर्घकालीन विकास कार्यक्रम अन्तर्गत ११ जिल्लामा सञ्चालित शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, विपद् जोखिम न्यूनीकरण तथा संरक्षण कार्यक्रमबाट ३,५४,३५० मानिस लाभान्वित भएका।

- भूकम्प प्रतिकार्य कार्यक्रम अन्तर्गतसञ्चालित जीविकोपार्जन, आवास, खानेपानी, सरसफाइ तथा स्वच्छता, शिक्षा, र बाल संरक्षण कार्यक्रमबाट ३ लाख ६७ हजार ४ सय ६७ मानिस लाभान्वित भएका।

यसबाहेक, यो प्रतिवेदनमा वर्ल्ड भिजनको परिमार्जित रणनीतिको सार संक्षेपसमेत समावेश गरिएको छ। वर्ल्ड भिजनको राष्ट्रिय रणनीति २०१६–२०२० को स्थानमा परिमार्जित रणनीति २०१८–२०२० ल्याइएको हो। अति जोखिममा रहेका बालबालिका, परिवर्तित राष्ट्रिय अवस्था, भूकम्प प्रतिकार्य कार्यक्रमको समाप्ति तथा प्राविधिक कार्यक्रमको थालनी गर्नुपर्ने विषयलाई केन्द्रमा राखेर नयाँ रणनीति तयार गरिएको थियो। परिमार्जित नयाँ रणनीतिमा अति जोखिममा रहेका नेपाली बालबालिकाको जीवनमा कसरी अधिकतम सकारात्मक सुधार गर्न सकिन्छ भन्ने पक्षलाई विशेष प्राथमिकतामा राखिएको छ।

# आ.व. २०१७ का उपलब्धिहरू

**दीर्घकालीन विकास तथा भूकम्प प्रतिकार्य कार्यक्रमबाट ७,२१,८१७ मानिस लाभान्वित**

## शिक्षा

**शिक्षा कार्यक्रमबाट ३०,१२५ बालिका, २८,७०४ बालक र ३३,९३३ अभिभावक लाभान्वित**

५३८ विद्यालय र १६३ बालविकास केन्द्रलाई सिकाइ वातावरण सुधारमा सहयोग

८ जिल्लामा ४४२ वटा पढाइ शिविर स्थापना

१६३ वटा बालविकास केन्द्रलाई विद्यालय शिक्षा प्रणाली सबलीकरणमा सहयोग

५२ वटा विद्यालयलाई विद्यालयमा आधारित विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनमा सहयोग

विद्यालय व्यवस्थापन समितिका १,३२४ पदाधिकारीको क्षमता अभिवृद्धि

## बाल संरक्षण

**बाल संरक्षण कार्यक्रममार्फत् ६८९ बालबालिका र १,४३९ वयस्क लाभान्वित**

बालबालिकालगायत १,०११ जना मानिसलाई बाल अधिकार र संरक्षणबारे जानकारी

४३ वटा गाउँ बाल संरक्षण तथा सम्बर्द्धन केन्द्रको क्षमता अभिवृद्धि

१ गाविसलाई बालमैत्री स्थानीय सरकार प्रवर्द्धनमा सहयोग

बाल विवाहका २७ वटा घटना रोकिएको

**३४,६५८ बालबालिका बालस्पोन्सरसीप कार्यक्रममा दर्ता**

दीर्घकालीन विकास कार्यक्रमबाट ३५४,३५० मानिस लाभान्वित

भूकम्प प्रतिकार्यबाट ३,६७,४६७ मानिस लाभान्वित

## मातृशिशु स्वास्थ्य तथा पोषण

**मातृशिशु स्वास्थ्य तथा पोषण र खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमबाट १,२४,९२८ मानिस लाभान्वित**

१६,३२१ आमा तथा अभिभावकलाई पोषणबारे सचेतना

१४ वटा प्रसुति केन्द्रका सेवाको गुणस्तरमा सुधार

८,८५५ महिलालाई सुरक्षित मातृत्वसम्बन्धी सचेतना

३ वटा गाविसलाई खुला दिशामुक्त क्षेत्र घोषणा

१२,७१३ मानिसलाई सामान्य बाल रोगसम्बन्धी सचेतना

## जीविकोपार्जन

**जीविकोपार्जन कार्यक्रममार्फत् ८२,६६५ मानिस लाभान्वित**

**१७,२०९ व्यक्ति विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सचेतना कार्यक्रमबाट लाभान्वित**

२,२६७ मानिसलाई जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन तालिम

५,५७९ कृषकलाई कृषि सामग्री वितरण

१,७७५ कृषकलाई कुखुरा तथा पशुपालनमा सहयोग

अति जोखिममा रहेका ६४७ युवायुवतीलाई व्यावसायिक तालिम

२५९ व्यक्तिलाई बजार साक्षरता तालिम




# शिक्षा

## गुणस्तरीय शिक्षामा अभिवृद्धि

**वर्ल्ड भिजनले सरकारी मापदण्ड अनुसार बालबालिकाका लागि सिकाइ वातावरणको गुणस्तर सुधार गर्ने, सिकाइ उपलब्धि वृद्धि गर्ने, विद्यालय सुरक्षा तथा विद्यालय शिक्षा प्रणाली मजबुत गर्ने, खानेपानी, सरसफाइ तथा स्वच्छतामा सुधार ल्याउने र विद्यालयमा बालमैत्री शिक्षण-सिकाइ अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ ।**

वर्ल्ड भिजनले आ. व. २०१७ मा ५३८ वटा सामुदायिक विद्यालयसँग साझेदारी गरी बालमैत्री विद्यालयको संख्यामा वृद्धि गरेको थियो । नेपाल सरकारले विद्यालयका लागि तय गरेका सिकाइको प्रभावकारिता, समावेशिता, लैङ्गिक समानता, सहभागिता, संरक्षण तथा सुरक्षा, विद्यालय पूर्वाधार, शिक्षण-सिकाइ विधि तथा विद्यालय व्यवस्थापनजस्ता ९ वटा मापदण्डका आधारमा यस्तो साझेदारी गरिएको थियो । फलस्वरूप, ५३८ विद्यालयमध्ये ३९ प्रतिशत विद्यालयले सरकारी मापदण्ड अनुसार शैक्षिक वातावरणमा सुधार गर्न सफल भएका थिए । उपयुक्त सिकाइ वातावरण सिर्जना गरी विद्यालयमा अध्ययनरत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन योगदान गरेको तथ्य बोधसहित पढ्न सक्ने बालबालिकाको संख्यामा वार्षिक ८.१ प्रतिशतले वृद्धि भएको कुराले प्रमाणित गर्छ । यसबाहेक, ५२ वटा विद्यालयमा विद्यालय सुरक्षा मापदण्ड लागू गर्ने कार्यमा समेत वर्ल्ड भिजनले योगदान गरेको छ ।

वर्ल्ड भिजन नेपालले बालबालिकाको सिकाइमा गुणस्तरीय सुधार ल्याउन र बाल विकासको उपयुक्त वातावरण सिर्जना गर्न १६३ वटा प्रारम्भिक बाल विकास केन्द्रलाई सहयोग प्रदान गरेको र सहकार्य गरेको थियो । परिणामस्वरूप, ५४ प्रतिशत बालविकास केन्द्रले एक वा एकभन्दा बढी सरकारी मापदण्ड पूरा गर्न सक्षम भएका थिए ।



### प्रमुख सरोकारवालाहरू

**शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय/स्रोत केन्द्र, सामुदायिक सिकाइ केन्द्र, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक समिति, विद्यार्थी संगठन, बाल क्लब, साझेदार गैरसरकारी संस्थाहरू**




# लमजुङमा सुरक्षित विद्यालय निर्माण

सन् २०१५ को अप्रिलमा गएको विनाशकारी भूकम्प तथा त्यसका पराकम्पनबाट श्री जनविकास विद्यालय (माथिको तस्विरमा देखाइको) का शिक्षक तथा विद्यार्थीहरू त्रसित थिए । तर, उनीहरूले पठनपाठनको आश मारेनन् । विद्यालयमा केही समयका लागि अस्थायी टहरा बनाएर शिक्षण-सिकाइ क्रियाकलाप गरिएको थियो ।

थाइल्याण्डस्थित पोषण कम्पनी युनिसिटीको वित्तीय सहयोगमा सञ्चालित वर्ल्ड भिजनको सुरक्षित सिकाइ वातावरण परियोजना अन्तर्गत त्यहाँ अहिले नयाँ भूकम्पप्रतिरोधी भवन निर्माण गरिएको छ ।

हालसम्म लमजुङ जिल्लामा यस परियोजना अन्तर्गत १० वटा विद्यालय भवनको निर्माण/पुनर्निमाण गरिएको छ । त्यस्तै, केही विद्यालयमा बालमैत्री खानेपानी आयोजना र शौचालय मर्मत कार्यमा समेत वर्ल्ड भिजनले सहयोग प्रदान गरेको छ । यसबाहेक, यो वर्ष शिक्षक तथा अभिभावकलाई विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण गरिएको थियो ।

लमजुङ जिल्लामा पुनर्निमाण गरिएको चण्डेश्वरी प्राथमिक विद्यालयकी प्रधान अध्यापक गीता भण्डारी भन्नुहुन्छ, “हाम्रो विद्यालयको नयाँ भवन भूकम्पप्रतिरोधी छ, त्यसैले फेरि पनि भूकम्प आयो भने हामी शिक्षक र विद्यार्थी डराइहाल्नुपर्ने अवस्था छैन ।”






# बाल स्वास्थ्यमा सुधार

**वर्ल्ड भिजनले सुरक्षित मातृत्व विकास गर्ने, बाल पोषणमा सुधार गर्ने, मातृशिशु स्वास्थ्यमा संलग्न सामुदायिक स्वास्थ्य संस्थाको क्षमता तथा सुशासनमा सुधार गर्ने वृद्धि गर्ने र समुदायको अगुवाइमा पूर्ण सरसफाइका लागि नेपाल सरकारले सञ्चालन गरेका अभियानमा सहयोग गर्ने कार्य गरिरहेको छ।**

वर्ल्ड भिजनले आ. व. २०१७ मा सुरक्षित मातृत्व, बाल स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न ८१ वटा स्थानीय स्वास्थ्य सेवा केन्द्रहरूसँग सहकार्य गरेको थियो। सुरक्षित मातृत्वका लागि सञ्चालित कार्यक्रमबाट सुरक्षित जन्ममा प्रसुतिमा ७ प्रतिशतले वृद्धि भएको छ। बाल पोषण कार्यक्रमबाट कुपोषणबाट ग्रसित ५ वर्षमुनिका बालबालिकाको संख्यामा ३ प्रतिशतले कमि आएको छ। नेपाल सरकारले स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन स्वच्छतामा पनि सुधार गर्नुपर्ने विषयलाइ प्राथमिकतामा राखेको छ। हामीले आफ्नो कार्यक्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका लागि सरकारी अभियानलाई सहयोग उपलब्ध गराएका छौं। फलस्वरूप, आफ्नै शौचालय भएका परिवारको संख्यामा वार्षिक ८.२ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै, राम्रोसँग हात धुन सक्ने मानिसको संख्यामा वार्षिक ९.६ प्रतिशतले वृद्धि भएको छ।

**प्रमुख सरोकारवालाहरू**

**स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, जिल्ला/जनस्वास्थ्य कार्यालय, प्राथमिक स्वास्थ्य स्याहार केन्द्र, स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समिति, गाउँघर क्लिनिक, आमा समूह तथा साझेदार गैरसरकारी संस्थाहरू**




# उदयपुरमा कुपोषणविरुद्धको सामुदायिक अभियान

"एलिशा मेरो आँखाको नानी हुन्," उदयपुरको रौता निवासी मनाले भनिन् । "मैले दिनदिनै भगवानको प्रार्थना गर्छु र यति राम्री छोरी जन्माउन पाएकोमा भगवानलाई धन्यवाद दिन्छु ।"

मनालाई हुर्कंदै गरेका बालबालिकाको लागि पोषणयुक्त खानाको महत्व धेरै छ भन्ने राम्ररी थाहा छ । त्यही भएर उनले आफ्नी २ वर्षीया छोरीका लागि दिनहुँ लिटो तयार गर्छिन् । तर यसअघिको अवस्था फरक थियो । "केही महिना अघिसम्म मेरी छोरीका लागि कुन खाना पोषिलो र उपयुक्त हुन्छ मलाई थाहा थिएन । मलाई पोषणयुक्त लिटो तथा जाउलो बनाउन आउँदैनथ्यो । त्यही भएर एलिशालाई कुपोषण भएको थियो र उनको तौल कम थियो । छोरीको अवस्था देखेर म र मेरा श्रीमान् निकै चिन्तित थियौं । छोरीको उपचारमा हामीले धेरै पैसा खर्च गरेका थियौं," मनाले भनिन् ।

"अन्य महिलासँगै म पनि वर्ल्ड भिजनको सकारात्मक झुकाव सामूहिक चुल्हो कार्यक्रममा सहभागी भएँ र दैनिक पोषिलो लिटो बनाएर एलिशालाई ख्वाउन थालें । १२ दिनपछि एलिशाको तौल ३ सय ग्रामले वृद्धि भयो । यो देखेर म निकै खुशी र अचम्मित भएँ । उनको तौल बढ्दै गएको थाहा पाएपछि मेरा आँखा खुशीले रसाए । अबबाट एलिशालाई कुपोषण हुँदैन भन्नेमा म ढुक्क भएँ," मनाले विगतलाई सम्झँदै भनिन् ।

अहिले एलिशाको तौल ९.८ किलो छ । सकारात्मक झुकाव सामूहिक चुल्हो कार्यक्रममा सहभागी भएपछि उनको तौलमा १ केजीभन्दा बढीले वृद्धि भएको छ । "अहिले मेरी छोरी निकै स्वस्थ र फूर्तिलो भएकी छिन् । दिनभर मसँग खेलेर रमाउँछिन् । जतिबेला पनि खेल्न खोज्ने उनको बानीले कहिलेकाहीँ त म हैरान हुन्छु । तर म अहिले निकै खुशी छु," मनाले भनिन् ।




# संरक्षण

## जोखिममा रहेका समूहको संरक्षणमा वृद्धि

**वर्ल्ड भिजनले महिला तथा बालबालिकाको संरक्षण, बाल उत्थानशीलता तथा हानिकारक अभ्यास न्यूनीकरणमा क्रियाशील सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाको सबलीकरण गर्दै आएको छ।**

यो वर्ष हामीले विपत् व्यवस्थापन, स्थानीय पैरवी, सचेतना अभिवृद्धिका क्षेत्रमा क्रियाशील ४ वटा गाउँ बाल संरक्षण तथा सम्वर्द्धन समितिको क्षमता अभिवृद्धि गरेका छौं। आ. व. २०१७ मा जीविकोपार्जन, विकास, संरक्षण तथा बाल सहभागिता सुनिश्चित गर्न भनेर सञ्चालित बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनका लागि एउटा गाविससँग सहकार्य गरिएको थियो। यसबाहेक, वर्ल्ड भिजनले नेपालका अति जोखिममा रहेका बालबालिकालाई बाल विवाहबाट सुरक्षित राख्न "नेपाली जुटौं, बाल विवाह रोकौं" भन्ने नयाँ अभियान थालनी गरेको छ।



यो वर्ष हामीले गाउँ बाल संरक्षण तथा सम्वर्द्धन समिति र बाल क्लबको सहकार्यमा मोरङ, सुनसरी, जुम्ला तथा डोटीमा २७ वटा बाल विवाहका घटना रोक्यौं।

### प्रमुख सरोकारवालाहरू

**महिला, बालबालिका तथा समाजकल्याण मन्त्राय, केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति, जिल्ला विकास समिति, गाउँ बाल संरक्षण तथा सम्वर्द्धन समिति, बाल क्लब, स्थानीय स्वास्थ्यकर्मी, गैरसरकारी साझेदार तथा सञ्चार माध्यम**

४ लैङ्गिक समानता

१६ शान्ति, न्याय तथा सक्षम निकाय



# बाल विवाहविरुद्ध बाल क्लबको सक्रियता

सत्र वर्षीया निर्मला डोटी जिल्लाको नवज्योति बाल क्लबकी सचिव हुन्। सन् २०१५ मा गठित उक्त बाल क्लबमा ३३ जना सदस्य छन् र हाल यो क्लब सामाजिक परिवर्तनको वाहक बन्न पुगेको छ। क्लबले सडक नाटक, अभिमुखीकरण तथा सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आएको छ। केही समयअघि क्लबले मदिरा बेचबिखनमा प्रतिबन्ध लगाई गाउँलाई मदिरामुक्त बनाउने अभियान सञ्चालन गरेको थियो। मदिराले गर्दा बालबालिकाका लागि घातक वातावरण सिर्जना भएकाले यस्तो अभियान सञ्चालन गरिएको थियो।

निर्मलाको यात्रा २ वर्ष अघि सुरु भएको थियो। त्यतिबेला उनले जीवनोपयोगी सीपसम्बन्धी तालिम लिँदै थिइन्। तालिममार्फत् उनले बालबालिकाका लागि घातक बाल विवाह, छौपडी तथा अन्य हानिकारक परम्पराको नकरात्मक असरबारे थाहा पाउने मौका पाइन्। निर्मलाले तालिम लिएको केही महिनापछि उनको गाउँकी १७ वर्षीया एक किशोरीको विवाह नजिकैको गाउँमा बस्ने २० वर्षीया किशोरसँग हुन लागेको थाहा पाइन्।

“वर्ल्ड भिजनको सहयोगमा सञ्चालित बाल संरक्षण तालिममा सहभागी भएपछि नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष भएको थाहा पाएँ। त्यसैले त्यो विवाह गैरकानुनी छ र यसलाई जसरी पनि रोक्न केही गर्नुपर्छ भन्ने लाग्यो,” उनले भनिन्।

त्यसपछि विवाह नगर्ने सल्लाह दिन निर्मलाले ती किशोरीलाई बोलाइन् तर किशोरीले निर्मलालाई गाली गरिन्। ती किशोरीले यदि त्यो केटासँग मेरो विवाह हुन दिइनौ भने मलाई तिम्रा दाईले विवाह गर्नुपर्छ भन्दै निर्मलासँग रिसाइन्। तर त्यसबाट निर्मला कत्ति पनि निराश भइनन्। बरू सम्झाउन भन्दै बाल क्लबका आफ्ना साथीहरू लिएर ती किशोरीको घरमा पुगिन्। तर किशोरीका नातेदारले निर्मलाकी आमालाई हमला गर्ने धम्की दिए। निर्मला घर फर्किएपछि उनकी हजुरआमाले ‘जान्ने भएकी’ भन्दै उनलाई पिटिन्। तर निर्मलाले हरेश खाइनन् र उनले अन्तिममा प्रहरीलाई खबर गरिन् र प्रहरीले उक्त बाल विवाह रोक्यो।



# उत्थानशीलता

## विपद् तथा आर्थिक संकटप्रति समुदायको उत्थानशीलता वृद्धि

**वर्ल्ड भिजनले परिवारको उत्पादन तथा आय वृद्धि, प्रविधि तथा आधुनिक कृषि प्रणालीको प्रयोगबाट बालबालिकाका आवश्यकता परिपूर्ति, बारीदेखि बजारसम्मका विभिन्न माध्यम, जोखिममा रहेका युवाको सीप विकास कार्यक्रम तथा विपत् जोखिम न्यूनीकरण व्यवस्थापनका लागि समुदायलाई सहयोग प्रदान गरेको छ।**

आ. व. २०१७ मा वर्ल्ड भिजनले जीविकोपार्जनमा सुधार ल्याउन १४,०५३ जना सीमान्तकृत तथा साना किसानसँग सहकार्य गरेको थियो। यसमध्ये झण्डै एकतिहाई किसानले आफ्नो आम्दानीमा वृद्धि भएको बताएका थिए। परिणामस्वरूप, हाल जोखिममा रहेका परिवारको वार्षिक खाद्य असुरक्षामा कमि आएको छ। त्यस्तै, वर्ल्ड भिजनबाट व्यावसायिक तालिम लिएका अति जोखिममा रहेका युवायुवतीमध्ये ४५ प्रतिशत युवायुवतीहरू स्वरोजगार बनेका छन्।

वर्ल्ड भिजनले प्रभावकारी जोखिम न्युनीकरण र विपद्को पूर्वतयारीका लागि सरकारी ढाँचा अनुरूप नै ३ वटा स्थानीय विपत् न्यूनीकरण व्यवस्थापन योजना बनाउने र कार्यान्वयन गर्ने कार्यमा सहयोग गरेको थियो।



**प्रमुख साझेदारहरू**

**गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विपत् व्यवस्थापन समिति, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु विकास कार्यालय, जिल्ला विकास समिति, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय युवा परिषद्, बचत समूह, सहकारी, कृषक समूह तथा साझेदार गैरसरकारी संस्थाहरू**




# बचतमार्फत् महिलाको आर्थिक सशक्तीकरण

एक वर्षअघि लक्ष्मी (माथि बायाँबाट दोस्रो) का श्रीमान्को निधन भएको थियो । श्रीमान्को निधन भएपछि उनको जीवनमा संकट आइपऱ्यो । हरेक कुराका लागि श्रीमान्माथि नै भर पर्नुपर्ने भएकाले उनी बाँकी जीवन धान्न नसक्ने सोंचमा पुगेकी थिइन् । तर लक्ष्मीको समुदायमा वर्ल्ड भिजनले सुरक्षित विद्यालय तथा रोजगारीमा पहुँच परियोजना सुरु गरेपछि उनको जीवनले नयाँ मोड लियो । परियोजना अन्तर्गत उनको जस्तै समस्या भोगेका महिलालाई एकत्रित गरी बचतको नयाँ प्रणाली विकास गर्न भनेर गाउँ बचत तथा ऋण संस्था गठन गरिएको थियो । लगत्तै २३ सदस्यीय सत्यनारायण बचत समूह गठन गरिएको थियो र लक्ष्मी यो समूहको अध्यक्ष बनेकी थिइन् ।

उक्त बचत समूहका सबै सदस्यको बजार साक्षरता अभिवृद्धि गरिएको थियो भने उनीहरूलाई बचत गर्ने बानी विकास गर्ने उपायबारे तालिम दिइएको थियो । हाल सबै सदस्यलाई बचत, ऋण तथा ऋण तिरेको रेकर्ड राख्नको लागि पासबुक वितरण गरिएको छ । बचत समूहको बैठक २–२ महिनामा बस्छ र बैठक बस्ने दिनमा हरेक सदस्यले तोकिएको रकम समूहमा जम्मा गर्छन् । उनीहरूले जम्मा गरेको बचतलाई ऋण तथा सामाजिक कोष गरी २ भागमा वर्गीकरण गरिएको छ । बचत समूहका सदस्यले अन्य बैंक तथा वित्तीय संस्थाको भन्दा कम ब्याजदरमा कोषबाट ऋण लिन सक्छन् । सामाजिक कोषबाट आपत्कालीन अवस्थामा ऋण लिने व्यवस्था गरिएको छ भने उक्त कोषमा जम्मा भएको रकम सामुहिक निर्णय गरी सामाजिक प्रयोजनका लागि खर्च गर्न सकिन्छ ।

यसअघिको चरणमा उक्त समूहले राम्रै बचत गरेको थियो र समूह विघटन हुँदा हरेक सदस्यलाई रु ५,१०० प्रदान गरिएको थियो । दोस्रो चरणको केही महिनापछि सदस्यहरूले रु ३८,००० बचत गर्न सक्षम भएका छन् ।

"बचत समूहको सदस्य बनेपछि जीवनमा अगाडि बढ्न सजिलो भएको छ । यसअघि यो समूहमा रहेका हरेक महिलाले मैलै झैं केही कुरा किन्नु पऱ्यो भने श्रीमान्सँग पैसा माग्नुपर्ने अवस्था थियो । तर अहिले हामी आत्मनिर्भर बनेका छौं । मेरो छोराले यही समूहबाट ऋण लिएर एउटा रेष्टुरेन्ट खोलेको छ र मैले अहिले ब्याजसहित उक्त ऋण पनि तिरिसकेकी छु," लक्ष्मीले बताइन् ।

सदस्यहरूले आफ्ना छोराछोरीले सुरु गरेका व्यावसायका लागि ऋण लिनुको अलवा बाखापालन, भाँडा पसल तथा श्रीमान्को व्यावसायका लागि पनि ऋण लिने गरेका छन् । हरेक सदस्य आर्थिक रूपमा आत्मनिर्भर र सशक्त बनेका छन् ।

# नेपाल भूकम्प प्रतिकार्य

## भूकम्प प्रभावितलाई प्राविधिक तालिम



नुवाकोटका २३ वर्षीय विष्णु सन् २०१७ को मध्यतिर आफ्नो घर गएका थिए। विष्णुले ग्लोबल अफेयर्स क्यानाडा र वर्ल्ड भिजनको सहयोगमा सामुदायिक तथा व्यवसायिक प्रवद्र्घन समाजले माटो खन्ने डोजर (एक्स्क्याभेटर) सम्बन्धी तालिम आयोजना गरेको सुने। काठमाडौंको सवारी चालकको पेशा छोडेर उनी उक्त तालिममा सहभागी भए।

अन्य मानिसका घरझैं विष्णुको घर पनि सन् २०१५ को भूकम्पले पूर्ण रूपमा ध्वस्त बनाएको थियो।

विष्णु तालिम लिएपछि घर नजिकै रहेको बालुवा खानीमा एक्स्क्याभेटरको सहचालक बनेका छन्। अहिले उनले मासिक ३ हजार तलब र दैनिक ३ सय रूपैयाँ भत्ता कमाउँछन्। महिनामा २८ दिन काम गरेर उनले अहिले काठमाडौंमा कमाएजति नै बचाउँछन्।

विष्णु आफूले कमाएको पैसा बचत गरेर घरमा आर्थिक सहयोग गर्न सक्षम भएका छन्।

अहिले उनको घर बन्दै छ।



कृषि, पशुपालन, व्यावसायिक तालिम तथा अन्य गैरकृषि कार्यक्रमबाट

९,९५६ घरधुरी लाभान्वित

## नेपाल इनोभेसन ल्याब

NEPAL INNOVATION LAB

इनोभेसन ल्याब वर्ल्ड भिजनको एउटा अंग हो। यसले मानवीय तथा विकाससँग सम्बन्धित कार्यक्रममा आइपर्ने समस्याको समाधानका उपायहरू परीक्षण गर्ने, नमुना प्रस्तुत गर्ने तथा तिनको सफलताको तह मापन गर्ने कार्यमा सहयोग गर्दछ। इनोभेसन ल्याबमा पत्ता लगाएका नयाँ कुराहरू समस्याबाट प्रभावित मानिससँग मिलेर तयार पारिएको हुन्छ वा उनीहरूले यसको स्रोतका रूपमा सहयोग गर्छन् वा ल्याबमा सम्बोधन भएका समस्याका आधारमा नयाँ कुरा पत्ता लगाइएको हुन्छ। नेपाल इनोभेसन ल्याब वर्ल्ड भिजनको भूकम्प प्रतिकार्य कार्यक्रम अन्तर्गत २०१५ मा स्थापना भएको हो। यो विधिमा समाजमा सकारात्मक प्रभाव पार्नका लागि इनोभेसन ल्याबको उपयोग गरिन्छ। यस प्रकारको इनोभेसन ल्याब नेपालमा पहिलो भएकोले विपद्‌बाट पुनर्लाभ प्राप्त गर्न नेपाललाई सहयोग गर्ने र विपद्‌विरुद्धका कार्यलाई थप प्रभावकारी, गुणस्तरीय र समुदाय-निर्देशित बनाउन प्रेरित गर्ने लक्ष्य इनोभेसन ल्याबको रहेको छ।



# समुदायलाई पुनः खानेपानी सुविधामा पहुँच

४८ वटा समुदायिक खानेपानी आयोजनाको पुनर्निर्माण

३०,६५३ घरधुरी स्वच्छता प्रवर्द्धन कार्यक्रमबाट लाभान्वित



भूकम्पले आफ्नो समुदायमा रहेको खानेपानी आयोजना ध्वस्त भएपछि गोर्खाकी सुवर्णा (माथि) अरू जस्तो आत्तिइनन् । उनलाई समुदायसँग मिलेर नयाँ खानेपानी आयोजना बनाउनुपर्छ भन्ने लाग्यो ।

“त्यतिबेला निकै समस्या परेको थियो । १ घण्टा हिँडेर कुवाबाट पानी ल्याउनुपर्ने अवस्था थियो । अहिले म ४२ वर्षकी भएँ । हिँड्दा मेरो खुट्टा दुख्थ्यो तर म हरेश खाइनँ,” उनले भनिन् ।

भूकम्पपछि खानेपानीको चरम अभाव भएको थियो । सुवर्णाको समुदायमा खानेपानीको व्यवस्था तत्काल गर्नुपर्ने अवस्था थियो । तर हाल उनको समुदायभित्र वर्ल्ड भिजन र एक्सन डचल्याण्ड हिल्फट्को सहयोगमा ४७ वटा धारा निर्माण गरिएको छ ।

स्थानीय कृषक रामनाथ बताउँछन्– “सबै धारा निर्माण गर्न ३ महिना लागेको थियो । हामी सबै मिलेर परियोजनाका कर्मचारी र इन्जिनियरलाई सक्दो सहयोग गरेका थियौँ र सुवर्णाले यसको नेतृत्व गरेकी थिइन् ।”

सुवर्णाको समुदायमा खानेपानी उपभोक्ता समिति समेत गठन भएको छ र उक्त समितिको कोषाध्यक्षमा सुवर्णालाई चयन गरिएको छ । “सबैले मलाई यो जिम्मेवारी दिएकोमा गौरव महसुस गरेकी छु र सामुदायिक हितका लागि सँधै लाग्नेछु,” उनले भनिन् ।

उपभोक्ता समितिका अध्यक्ष कृष्ण गिरी भन्छन्, “अहिले ४७ वटा घरधुरीले सहजै घरघरमै खानेपानी सुविधा प्राप्त गरेका छन् । नयाँ पानी ट्याङ्की निकै ठूलो छ र यसमा १० हजार लिटर पानी अट्छ ।”

१,५६० उन्नत पुनर्निर्माण सम्बन्धी सचेतना कार्यक्रमबाट लाभान्वित

८३ डकर्मीलाई भूकम्प प्रतिरोधी घर निर्माणसम्बन्धी तालिम सम्पन्न

११५ महिला र ८९ पुरुषलाई आ-आफ्नो घर पुनर्निमाणका लागि स्थलगत तालिम सम्पन्न



भूकम्पले गर्दा जीत बहादुर माझीको घर पूर्ण रूपमा क्षति भएको थियो । भूकम्प गएको ३ वर्षभित्रमा उनको परिवारले ३ किस्तामा ३,००,००० रूपैयाँ लिइसकेको छ । उनले वर्ल्ड भिजनको सहयोगमा डकर्मी तालिम समेत लिइसकेका छन् । अहिले उनको घर बनिसकेको छ । उनको परिवार नयाँ र सुरक्षित घरमा सर्न पाउँदा निकै खुशी देखिन्छ ।



# सुरक्षित सिकाइ वातावरण निर्माण

सन् २०१५ को भूकम्पबाट सिन्धुपाल्चोकको कालिका देवी सामुदायिक विद्यालयको दुईतले भवन आंशिक रूपमा क्षति भएको थियो । अन्य विकल्प नभएका कारण केही समय क्षतिग्रस्त भवनमा नै पठनपाठन गर्नुपर्ने अवस्था आयो । "त्यतिबेला कक्षा सञ्चालन गर्न हामीलाई निकै चुनौतीपूर्ण र कठिन भएको थियो । विद्यार्थीहरू डराउँथे । उनीहरूले पढाइमा ध्यान दिन सक्ने अवस्था थिएन," विद्यालयका सहायक प्रधानाध्यापक रामजी सापकोटाले बताए ।

अहिले विद्यालय भवनलाई मर्मत गरी भूकम्प प्रतिरोधी बनाइएको छ । विद्यालय परिसरभित्रै खानपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्था गरिएको छ । "मर्मत गरी बनाइएको भूकम्प प्रतिरोधी भवनमा पढ्न पाउँदा विद्यार्थीले सुरक्षित महसुस गरेका छन् र सिकाइ वातावरण पनि विस्तारै सुध्रिएको छ," सापकोटाले भने ।

१४ वटा
विद्यालय भवन
निर्माण/पुनर्निर्माण

८ वटा स्वास्थ्य चौकी निर्माण/पुननिर्माण

२८ वटा महिला, किशोरकिशोरी, युवा र बालमैत्री स्थान निर्माण

सन् २०१६ नोभेम्बर २९ मा वर्ल्ड भिजनको सहयोगमा निर्मित भोटेचौर स्वास्थ्य चौकी (दाँया) स्थानीय समुदाय र सरोकारवालालाई हस्तान्तरण गरिएको थियो । वर्ल्ड भिजनले भूकम्प प्रभावित ४ वटा जिल्लामा स्वास्थ्य चौकी निर्माण/पुननिर्माण गरेको छ ।



# कार्यक्रम जवाफदेहिता

वर्ल्ड भिजन पारदर्शिताप्रति पूर्ण रुपमा प्रतिबद्ध छ । आफ्ना कार्यक्रम, सञ्चालन प्रकृया, अनुगमन तथा मूल्याङ्कनलाई जवाफदेही बनाउन हामी सधैँ अग्रसर छौँ । हामीलाई थाहा छ– सूचना प्रवर्द्धन, सामुदायिक परामर्श, गुनासो संकलन तथा सम्बोधन नै जवाफदेहिता कायम गर्ने आधार हुन् ।

वर्ल्ड भिजनले विकास तथा आपत्कालीन कार्यक्रममा जवाफदेहिताका सिद्धान्त तथा अभ्यास अभिवृद्धि र मूलप्रवाहीकरण गर्न प्रभावकारी सूचना आदान–प्रदान, सामुदायिक परामर्शको प्रवर्द्धन, समुदायको गुनासो व्यवस्थापन तथा प्रतिकार्य संयन्त्रसम्बन्धी निर्देशिका विकास गरी लागू गरेको छ । वर्ल्ड भिजनले समुदाय तथा अन्य सरोकारवालालाई गुनासो संकलन तथा सम्बोधन संयन्त्र, सूचनाको अधिकार, विभिन्न संयन्त्रमार्फत् गुनासो पेश गर्न पाउने अधिकार जस्ता जवाफदेहिताका संयन्त्रबारे जानकारी प्रदान गर्दै आएको छ । हामीले पर्चा, पम्प्लेट, सूचना, रेडियो तथा होर्डिङ बोर्ड जस्ता शैक्षिक तथा सूचनामूलक सामग्री प्रयोग गरेर सूचना र जानकारी उपलब्ध गराउने कार्य गर्दै आएका छौँ ।

वर्ल्ड भिजनले समुदायसँगको परामर्शलाई कार्यक्रमको अभिन्न अंग बनाएको छ । विशेषगरी कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन चरणमा सामुदायिक परामर्शलाई हामीले विशेष महत्व दिएका छौँ । त्यस्तै अति जोखिममा रहेका लाभग्राही छनौट गर्दा पारदर्शी र सहभागितामूलक विधि अपनाइएको छ ।

परियोजना अन्तर्गत सञ्चालन गरिने गतिविधिभित्र जवाफदेहिताको अवधारणा समावेश गर्ने हो भने समुदायप्रति जवाफदेही बन्न सकिन्छ । गुनासो संयन्त्र (सुझाव संकलन गर्ने कर्मचारी, सुझाव पेटिका, सहायता कक्ष, सम्पर्कका लागि हटलाइन नम्बर) मार्फत् समुदायको आवाज सुन्ने कार्य हुँदै आएको छ । वर्ल्ड भिजनले प्राप्त सुझावलाई आवश्यकता, लाभग्राही छनौट, गुणस्तर तथा समयसामयिकताका आधारमा सम्बोधन गर्दै आएको छ ।

सुझाव संकलन तथा सम्बोधन संयन्त्र निर्माण र सञ्चालन गरिएको हुनाले समुदायका मानिस र सरोकारवालाले निर्भयतासाथ आफ्नो चासो, सुझाव र विचार व्यक्त गर्न सकेका छन् । वर्ल्ड भिजनले नागरिकको चासोलाई महत्व दिने र सम्मान गर्ने, उनीहरूको आवाज सुन्ने र यसका लागि आवश्यक कार्य गर्छ । फलस्वरूप, वर्ल्ड भिजनप्रति समुदायको विश्वास वृद्धि भएको छ ।

वर्ल्ड भिजनले आन्तरिक जवाफदेहिता समेत कायम गरेको छ । यस्तो जवाफदेहिताका लागि एउटा सुझाव संयन्त्र गठन गरिएको छ र कार्यालय समयभित्र उक्त संयन्त्रलाई उच्चस्तरीय नेतृत्वले व्यवस्थापन गर्छ । समुदायले दिने गोप्य सुझावसमेत यही टिमले सम्बोधन गर्छ । गुनासो तथा कार्यक्रमसम्बन्धी विषयलाई स्थानीय तथा राष्ट्रिय स्तरमा सम्बोधन गरिन्छ ।

आ. व. २०१७ मा ८४ प्रतिशतभन्दा बढी गुनासो/सुझावलाई समयमा नै सम्बोधन गरिएको थियो । बाँकी १६ प्रतिशत सुझावलाई फलो अपका लागि अगाडि बढाइएको थियो । मोबाइल एप्लिकेशनसहितको अनलाइन प्रणालीले गर्दा सुझावसम्बन्धी डाटाबेश व्यवस्थापन गर्न सहज भएको छ ।





# अनुदान

वर्ल्ड भिजनले आ. व. २०१७ मा डिपार्टमेन्ट अफ फरेन अफेयर्स एण्ड ट्रेड (DFAT), द ग्लोबल अफेयर्स क्यानाडा (GAC), एक्सन डचल्याण्ड हिल्फट् (ADH), जापानी विदेश मन्त्रालय, युरोपियन सिभिल प्रोटेक्सन एण्ड ह्युमनिटेरियन एड अपरेशन (ECHO) सहित टाकेडा फर्मास्युटिकल र युनिसिटी जस्ता कर्पोरेट संस्थाबाट अनुदान प्राप्त गरेको थियो । प्राप्त अनुदानलाई विपद् जोखिम न्यूनीकरण, विद्यालय सुरक्षा, जीविकोपार्जन, आवास, खानेपानी, सरसफाइ, स्वच्छता, स्वास्थ्य प्रणाली सुदृढीकरण, मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रममा परिचालन गरिएको थियो ।

वर्ल्ड भिजनले आ. व. २०१७ मा लैङ्गिक समानतालाई जोड दिएर नयाँ कार्यक्रम अगाडि ल्याएको छ । लैङ्गिक हिंसा अन्त्य गर्न खडा गरिएका संयन्त्रलाई मजबुत बनाउने र विद्यालयमा हुने लैङ्गिक हिंसा अन्त्य गर्ने उद्देश्यले नयाँ कार्यक्रम सुरु गरिएको हो । हामीले हाल किशोरीले महिनावारीका बेला कस्ता स्वास्थ्य सामग्री प्रयोग गर्न चाहिरहेका छन् तथा उनीहरूसम्म त्यस्ता सामग्रीको पहुँच कसरी विस्तार गर्ने भनेर अध्ययन गरिरहेका छौं ।

आ. व. २०१७ मा अनुदानबाट सञ्चालित परियोजनामार्फत् ५ वटा प्राथमिक ग्रामीण स्वास्थ्य केन्द्रको मर्मत, १८ वटा केन्द्रलाई आवश्यक सामग्री वितरण, १,०१२ वटा हात धुने स्थान निर्माण र ८ वटा प्रसुति केन्द्रलाई सहयोग प्रदान गरिएको थियो । वर्ल्ड भिजनले ९५ जना सामुदायिक स्वयंसेविकालाई मातृशिशु स्वास्थ्य र पोषणबारे तालिम दिएको थियो भने २ सय २२ जना बालबालिकालाई समुदायमा आधारित पुनर्स्थापना मोडेलमार्फत् गम्भीर कुपोषणबाट बचाइएको थियो । आ. व. २०१७ मा वर्ल्ड भिजनले ३१ वटा विद्यालयमा ७१ कक्षा निर्माण र १२ वटा विद्यालयमा २४ वटा कक्षाकोठा मर्मत गरेको थियो । त्यस्तै विद्यालयमा १९ वटा सुरक्षित खानेपानी सेवा र २१ वटा शौचालय निर्माण गरिएको छ ।

तीस वटा विद्यालयमा गरिएको बहुविपद् मूल्याङ्कनका आधारमा २२ वटा विद्यालयलाई सुरक्षित बनाउन हामी सफल भएका छौं । विद्यालयको सुरक्षामा सुधार ल्याउनका लागि सम्बन्धित समुदायको सहयोगमा विद्यालयमा आधारित विपत् जोखिम व्यवस्थापन योजना विकास गरिएको र यस्तो योजनालाई ९४ वटा विद्यालयको विद्यालय सुधार योजनामा समावेश गरिएको छ । तराईमा आएको बाढीलगत्तै सुनसरीमा बाढीबाट प्रभावित परिवारलाई तत्काल आवश्यक सहयोग प्रदान गर्ने क्रममा म्ँब्त को अष्ट्रेलियन ह्युमनिटेरियन पार्टनरसिप प्रोग्राम (ब्ज्ए) बाट अनुदान प्राप्त भएको थियो । खानेपानी, सरसफाइ तथा स्वच्छता, पोषण कार्यक्रमलाई प्राथमिकता राखेर सञ्चालन गरिएको उक्त कार्यक्रमबाट १७ हजार ५ सय मानिस लाभान्वित भएका छन् । यो कार्यक्रमको मुख्य उद्देश्य भनेको सुत्केरी तथा २ वर्षमुनिका शिशुको आमालाई सुरक्षित खानेपानी, पोषण, सरसफाइसम्बन्धी सामग्री प्रदान गरी बालबालिकालाई कुपोषणबाट बचाउने थियो ।



# कुपोषणसँग लड्दै आर्यन

पन्ध्र महिने आर्यन डोटीको एउटा दलित समुदायमा जन्मिएका हुन् । उनी आफ्नी आमासँग बस्दै आएका छन् भने उनका बाबु भारतमा काम गर्छन् । उनको परिवारसँग खेती गर्नका लागि उब्जाउ भूमि छैन । उनका बाबुले पठाउने पैसा नै आम्दानीको एकमात्र स्रोत हो तर बाबुले पठाएको पैसा पर्याप्त छैन । आर्यनलाई १२ महिनाको हुँदा कुपोषण भएको थियो । त्यतिबेला उनको तौल जम्मा ५ किलो मात्रै थियो । उनी निकै दुब्लाएका थिए र बिरामी परेका थिए । स्वास्थ्य सेवासम्मको पहुँच नहुँदा उनको अवस्था झनै बिग्रिएको थियो ।

आर्यनलाई तत्काल सहयोग गर्नुपर्ने अवस्था थियो । उनलाई टाकेडा ग्रामीण स्वास्थ्य परियोजनाको सहयोगमा धनगढीस्थित पोषण पुनर्स्थापना केन्द्रमा लगिएको थियो । उनलाई २ महिनासम्म उक्त केन्द्रमा राखेर उपचार तथा स्याहार गरिएको थियो । उपचार स्याहार पाएपछि उनको तौल २ किलो बढेको थियो ।

आर्यनलाई घर ल्याएपछि परियोजनाका कर्मचारीले उनको प्रगति अनुगमन गरिरहेका थिए । पछि कर्मचारीले उनको तौल कम हुँदै गएको पाए । पोषण पुनर्स्थापना केन्द्रबाट फर्केको केही समयपछि उनको तौल ६.५ किलो हुन पुगेको थियो । गरिबीका कारण उनको अवस्थामा सुधार आउन सकेन । त्यसपछि स्थानीय स्वास्थ्य केन्द्रले आर्यनकी आमालाई पोषणयुक्त खाना 'रेडि टु युज थेराप्युटिक फुड' ख्वाउन सल्लाह दियो । अहिले उक्त खाना खाएपछि आर्यन स्वस्थ छन् र उनको तौल ८ किलो भइसकेको छ ।

आर्यनका बाबुआमा सहयोग र परामर्शका लागि निकै आभारी छन् । "मेरा छोराले फेरि खेल्न सक्छ भनेर मैले सोचेकी पनि थिइनँ । हजुरहरूले मेरो छोरालाई नयाँ जीवन दिनुभयो," आर्यनकी आमाले भनिन् ।

जापानी फार्मास्युटिकल कम्पनीको सहयोगमा सञ्चालित टाकेडा हेल्थी भिलेज प्रोजेक्टले आमा, गर्भवती महिला तथा पाँच वर्षमुनिका बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउन महत्वपूर्ण योगदान गरेको छ । आ. व. २०१७ मा प्रगति अनुगमन कार्यक्रमबाट ८ सय ५५ जना बालबालिका लाभान्वित भएका थिए । यसबाहेक, लमिखेल र दिपायल सिलगढी नगरपालिकामा २ वटा प्रसुति केन्द्र स्थापना गरिएको छ ।

# राष्ट्रिय स्तरमा पैरवी तथा सहकार्य

## नीतिगत सहयोग

**बालमैत्री स्थानीय शासन समिति :**

वर्ल्ड भिजनले बालबालिकाको आवाज सुन्ने र स्थानीय योजना तथा बजेटमा उनीहरूको सहभागिता बढाउने उद्देश्यले सन् २००९ देखि बालमैत्री स्थानीय शासनको पैरवी गर्दै आएको छ । वर्ल्ड भिजनले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र युनिसेफसँग सहकार्य गरी बालमैत्री स्थानीय शासनको रणनीति बनाएको थियो र यो रणनीतिलाई मन्त्रिपरिषद्ले सन् २०११ मा पारित गरेको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय सरकारबीचको सम्बन्ध स्थापना गर्न, बालमैत्री स्थानीय शासनसम्बन्धी राष्ट्रिय र स्थानीय नीति तथा योजनामा एकरूपता ल्याउन र नेपालको संघीय प्रणालीमा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयनमा ल्याउन बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च गठन गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विस्तार गर्न आ. व. २०१७ मा वर्ल्ड भिजन र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबीच एउटा समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ । त्यस्तै नेपालमा बालमैत्री स्थानीय कार्यक्रम कार्यान्वयनमा नेतृत्वदायी निकाय भएकाले बालमैत्री स्थानीय शासनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यढाँचालाई परिमार्जन गर्न सम्बन्धित मन्त्रालय र वर्ल्ड भिजनबीच सहकार्य हुँदै आएको छ ।

**बाल संरक्षणसम्बन्धी मुद्दा व्यवस्थापन गर्न सरकारसँग मिलेर निर्देशिका तयार गरिएका**

वर्ल्ड भिजनले केन्द्रीय बालकल्याण समिति, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँगको सहकार्यमा राष्ट्रिय स्तरमा बाल संरक्षण र बाल संरक्षणसम्बन्धी मुद्दा व्यवस्थापन गर्न निर्देशिका तयार पार्ने कार्यमा नेपाल सरकारलाई सहयोग गरेको थियो ।

**विद्यालय सुरक्षा ढाँचा**

वर्ल्ड भिजन, प्लान इन्टरनेसनल, सेभ द चिल्ड्रेन, युनिसेफ र युएनह्याबिटाट मिलेर "बालमैत्री विपद् जोखिम न्यूनीकरण समूह" गठन गरेका थिए । दक्षिण एसियाका लागि DIPECHO VIII को कार्ययोजना अन्तर्गत ECHO परियोजनाबाट प्राप्त आर्थिक सहायताबाट उक्त समूहले "बृहत् विद्यालय सुरक्षा ढाँचाको कार्यान्वयनमार्फत् नेपालमा विद्यालय सुरक्षाको प्रवर्द्धन र सबलीकरण" नामक परियोजना लागू गर्‍यो । उक्त परियोजना अन्तर्गत बृहत् विद्यालय सुरक्षा ढाँचालाई नेपालको परिवेशसँग सान्दर्भिक बनाउनका लागि विद्यालय विपद् जोखिम व्यवस्थापनको प्याकेज तयार पारियो र ६ वटा जिल्लाका ६२ वटा सामुदायिक विद्यालयमा त्यसको परीक्षण पनि गरियो ।

**विपद् व्यवस्थापन ऐन निर्माणमा सहयोग**

सांसद, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग छलफल र परामर्श गरी वर्ल्ड भिजनले विपत् व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा बनाउने र उक्त मस्यौदा व्यवस्थापिका संसदसमक्ष पेश गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको थियो । यसबाहेक, सांसद तथा विपत् व्यवस्थापन विज्ञसँग मिलेर उक्त विधेयक पेश भएपछि यो मुद्दा हेर्नका लागि एउटा छुट्टै आधिकारिक निकाय बनाउने व्यवस्था गर्नुपर्छ भनेर आवाज उठाएको थियो । फलस्वरूप, विपत् व्यवस्थापनसम्बन्धी विषय हेर्नका लागि केन्द्रमा एउटा अधिकारसम्पन्न निकाय गठन गर्ने व्यवस्था विधेयकमा राखिएको थियो ।



# सञ्जालसँग सहकार्य

- वर्ल्ड भिजन पैरवी कार्यमा समेत संलग्न हुँदै आएको छ । शान्ति तथा संरक्षणका रूपमा बालबालिका अर्थात् सिजोप (Children as Zone of Peace and Protection—CZOPP) र बालसहभागिताका लागि कार्यरत संस्थाहरूको समूह (Consortium of Organisations Working for Child Participation) पैरवीको महत्वपूर्ण अंगका रूपमा रहेका छन् । वर्ल्ड भिजनले सिजोप र उक्त समूहसँग सहकार्य गरी नेपाल सरकारलाई विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझाव कार्यान्वयनमा सहयोग गरेको थियो । त्यस्तै, सिजोपले वर्ल्ड भिजन तथा अन्य सदस्यको सहयोगबाट बाल बजेटसम्बन्धी विश्लेषणात्मक प्रतिवेदन प्रकाशन गरेको थियो ।

- सामुदायिक रेडियोको सञ्जाल सामुदायिक रेडियो प्रसारक संघ नेपालसँग मिलेर सन् २०१७ मा एउटा बाल सम्मेलन गरिएको थियो । नेपालका सम्माननीय राष्ट्रपति उपस्थित उक्त सम्मेलनले बाल विवाह अन्त्यका लागि राष्ट्रिय सरोकारवालालाई सुझाव दिएको थियो ।

- राष्ट्रिय स्तरमा पैरवी तथा नीतिगत सहयोग गरी बाल विवाह अन्त्य गर्न केयर, अक्सफाम, सेभ द चिल्ड्रेन र वर्ल्ड भिजन सम्मिलित राष्ट्रिय स्तरको एक पैरवी सञ्जाल गठन गरिएको थियो । यो सञ्जालले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँग मिलेर बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति र निर्देशिकालाई अन्तिम रूप दिएको थियो ।

- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्न बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च गरिएको छ । यो मञ्चमा बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा संलग्न १५ वटा युवा संगठन समावेश छन् ।

- दिगो विकास लक्ष्य मञ्चको एक सदस्य वर्ल्ड भिजन पनि हो । त्यसैले वर्ल्ड भिजनले राष्ट्रिय तथा स्थानीय तहमा हुने परामर्शको नेतृत्व गरेको थियो  र नागरिक समाज संगठनको छुट्टै प्रतिवेदन प्रकाशन गरेको थियो । स्वेच्छिक राष्ट्रिय रिपोर्टिङका बेला उच्च स्तरीय राजनीतिक फोरमसमक्ष यो प्रतिवेदन पेश गरिएको थियो ।

# सामुदायिक पत्रकारिता

सन् २०१५ को भूकम्पलगत्तै मानिसको जीवन पहिला कै अवस्थामा फर्काउन र भूकम्प प्रभावित समुदायको समृद्धिमा सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेलेका थिए । वर्ल्ड भिजनले यो तथ्यलाई ध्यान दिँदै स्थानीय समुदायका लागि आवश्यक पर्ने सूचना प्रवाहमा रेडियोलाई महत्वपूर्ण माध्यम बनाउन सहयोग गरेको थियो । वर्ल्ड भिजनले सामुदायिक रेडियो प्रसारक संघ नेपालसँगको सहकार्यमा सामुदायिक पत्रकारितामार्फत् बाल संरक्षण, सरसफाइ, स्वास्थ्य, जीविकोपार्जन, आवास तथा समझदारीबारे सामुदायिक सचेतना वृद्धि गर्ने अभियानलाई सहयोग गरेको थियो । ५३ जना बालबालिकालाई सामुदायिक पत्रकारका रूपमा सहभागी गराई बालबालिका र सम्बन्धित जिल्ला स्तरीय निकायसँग यस विषयमा छलफल भएको थियो । रेडियो कार्यक्रम सञ्चालन र सामुदायिक पत्रकारितामार्फत् सशक्तीकरण गरी बालबालिकालाई सामाजिक मुद्दामा पैरवी गर्न सक्ने बनाइएको थियो । भूकम्प प्रभावित ५ वटा जिल्लामा रहेका ५ वटा रेडियो स्टेशन र केन्द्रमा रहेको एउटा रेडियो स्टेशनबाट “जीवन रक्षा बालसुरक्षा” नामक कार्यक्रमलाई ७९ औं श्रृङ्खलासम्म सञ्चालन गरिएको थियो ।






# बाल विवाह अन्त्यका लागि अभियानको थालनी

## नेपाली जुटौं, बाल विवाह रोकौं

विश्वभर बाल विवाहका घटनामा कमी हुँदै गएको छ । तर यो समस्या केही मुलुकमा अझै पनि गम्भीर रहेको पाइन्छ । संसारमा बाल विवाह उच्च रहेका १० वटा मुलुकमध्ये नेपाल पनि रहेको छ र दक्षिण एसियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा छ । नेपालका एकतिहाई भन्दा बढी किशोरी (३७ प्रतिशत) को विवाह १८ वर्ष नपुग्दै हुने गरेको र १० प्रतिशत बालिकाको विवाह १५ वर्ष नपुग्दै हुने गरेको छ ।[1] नेपालमा बाल विवाहका घटना आदिवासी, धार्मिक र जातीय समुदाय अनुसार फरक–फरक रहेको पाइन्छ । सीमान्तकृत, पिछडिएका र दलित समुदायमा यो दर निकै उच्च रहेको छ ।

नेपालले बाल विवाह अन्त्यका लागि केही सकारात्मक कदम चाल्दै आएको छ । नेपालमा बाल विवाहलाई सन् १९६३ मा नै गैरकानुनी घोषित गरिएको थियो । दिगो विकास लक्ष्य ५.३ र १६.२ मा समेत बाल विवाह अन्त्य गर्ने भनेर उल्लेख गरिएको छ । सन् २०१६ मा नेपाल सरकारले सन् २०३० सम्ममा बाल विवाह अन्त्य गर्ने एउटा राष्ट्रिय रणनीति पारित गरेको थियो । यो एउटा सकारात्मक कदम हो तर यसका लागि धेरै कुरा गर्न बाँकी छ । यो रणनीति कार्यान्वयन गर्न एउटा कार्ययोजना ल्याउन लागिएको छ । नेपालमा बाल विवाह निर्मूल गर्न वृहत साझेदारी गर्नुपर्ने, सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने र नीतिगत व्यवस्थामा परिमार्जन गर्नुपर्ने देखिन्छ ।

वर्ल्ड भिजनले नेपालमा बाल विवाहका घटना कम गर्ने उेश्यका साथ सन् २०१७ देखि २०२० सम्म राष्ट्रव्यापी अभियान सञ्चालन गर्नका लागि राष्ट्रिय युवा परिषद् तथा सामुदायिक रेडियो प्रसारक संघ नेपालसँग सहकार्य गरेको छ । सन् २०१७ अगस्ट १० मा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले “नेपाली जुटौं, बाल विवाह रोकौं” नामक अभियानको औपचारिक शुभारम्भ गर्नुभएको थियो । उक्त अवसरमा मन्त्री, नेपाल सरकारका वरिष्ठ अधिकारी, धार्मिक क्षेत्रका अगुवा, प्राज्ञ, नागरिक समाजका अगुवा, बालबालिका तथा निजी क्षेत्रका प्रतिनिधि सहभागी थिए । सम्माननीय राष्ट्रपतिले अभियानको औपचारिक शुभारम्भ गर्दै भन्नुभयो, “बाल विवाह अन्त्य गर्ने प्रमुख जिम्मेवारी नेपाल सरकारको हो तर गैरसरकारी संस्था, नागरिक समाज, आम सञ्चार माध्यम तथा समुदायमा आधारित संस्थाको पनि यसमा उत्तिकै भूमिका रहेको छ ।”

उक्त अवसरमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री यज्ञ बहादुर थापा, महिला, बालबालिका तथा समाजकल्याण मन्त्री आशा कोइराला, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुप राज शर्मा, सामुदायिक रेडियो प्रसारक संघ नेपालका अध्यक्ष सुबास खतिवडाले सम्बोधन गर्नुभएको थियो । बाल विवाह जस्ता रुढिवादी तथा हानिकारक अभ्यास अन्त्य गर्न व्यापक सहकार्य हुनुपर्ने उहाँहरूको भनाइ थियो ।

यो अभियानको उद्देश्य भनेको सरकार, नागरिक समाज, निजी क्षेत्र तथा समुदायसँग सहकार्य गर्ने, बाल सशक्तीकरण गर्ने र नेपालमा बाल विवाह अन्त्य गर्ने रहेको छ ।

१ विश्वमा बालबालिकाको अवस्था (युनिसेफ, २०१६) ।

नेपाली जुटौं
बाल विवाह रोकौं

World Vision



## केही तथ्यहरू

- नेपाल दक्षिण एसियामा बाल विवाह उच्च रहेको तेस्रो मुलुक
- सन् १९६३ मा बाल विवाहलाई गैरकानुनी घोषणा
- ३७ प्रतिशत किशोरीहरूको विवाह १८ वर्ष नपुग्दै हुने
- कानुनमा महिला तथा पुरूषको विवाह हुने उमेर २० वर्ष तोकिएको




सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा वर्ल्ड भिजनले "नेपाली जुटौं, बाल विवाह रोकौं" नामक पाँच वर्षे अभियानको शुभारम्भ गरेको थियो ।

## लक्ष्य

समुदायमा चलिआएका प्रचलन र सरकारी प्रणालीमा सुधार गरी दिगो विकास लक्ष्य अनुरुप सन् २०२१ सम्ममा नेपालमा बाल विवाह न्यूनीकरण सहयोग गर्ने ।

## अभियानको मुख्य जोड

- रोकथाम
- बाल सशक्तीकरण
- संरक्षण
- साझेदारी
- पैरवी

### उपलब्धि १

जोखिममा रहेका महिला र बालबालिकाको संरक्षणका लागि स्थानीय तहदेखि केन्द्रसम्म कानूनी तथा सामाजिक प्रणाली सुदृढ हुनेछन् ।

### उपलब्धि २

लैङ्गिक हिंसा तथा दुर्व्यवहारको जोखिममा रहेका महिला तथा बालबालिकाको थप संरक्षणको लागि बालबालिका लगायत समग्र समुदायको उत्थानशीलतामा वृद्धि हुनेछ ।

### उपलब्धि ३

बाल विवाह अन्त्यका लागि बहुक्षेत्रगत विधि अवलम्बन गरिनेछ ।

## अभियानका मुख्य अवयवहरू

- बाल सशक्तीकरण र सचेतना अभिवृद्धिका लागि जीवनोपयोगी सीप तालिम
- अनुसन्धान तथा विश्लेषण
- राष्ट्रिय स्तरमा परामर्श
- संरक्षणसम्बन्धी कानुन, प्रणाली र संयन्त्रको सबलीकरण
- विभिन्न आस्थाका अगुवा र संस्थासँगको सम्वाद तथा संलग्नता
- युवा, पुरूष र विभिन्न पुस्ताबीच सहकार्य
- बहुक्षेत्रगत विधि र सहभागिता

५ लैङ्गिक समानता

१६ शान्ति, न्याय र सक्षम निकाय

**अवधि : सन् २०१७ – २०२१**

**कार्यक्षेत्र: देशभर**



# नागरिक आवाज र कर्तव्य

आज शनिबार अर्थात् बिदाको दिन हो । तर डोटी जिल्लाको ग्रामीण क्षेत्रमा रहेको देवी माध्यमिक विद्यालय खुला छ । यो विद्यालयका लागि आजको दिन अन्य दिन जस्तो सामान्य दिन होइन ।

शिक्षक, विद्यार्थी र अभिभावक बिस्तारै भेलामा सहभागी हुँदैछन् र स्वयंसेवकले सबै जनालाई समूहमा विभाजन गरी छुट्टाछुट्टै छलफल गर्न लागेका छन् । हरेक समूहमा रहेका सहभागीले शिक्षक तथा विद्यार्थीको उपस्थिति, छात्रवृत्ति, महिला तथा पुरुषका लागि छुट्टाछुट्टै शौचालय, सुरक्षित कक्षाकोठा, बालमैत्री भवन, शिक्षण सामग्रीको उपलब्धता जस्ता विषयमाथि छलफल गरिरहेका छन् । विद्यालयमा उपलब्ध सुविधालाई फ्लिप चार्टमा रहेको संकेतमा चिन्ह लगाउँदै मूल्याङ्कन गरिरहेका छन् । समूहगत छलफलपछि अभिभावक, विद्यार्थी, शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्य एकै ठाउँमा जम्मा भएर विद्यालयमा रहेका विद्यमान सुविधालाई कसरी सुधार गर्न सकिन्छ भनेर सामुहिक छलफल गरेका छन् । "आज हामीले निकै फलदायी छलफल गर्‍यौं । विद्यालयको सुविधालाई सुधार गर्न यसले सहयोग गर्नेछ भन्ने आशा लिएको छु," एकजना अभिभावकले भने ।

नेपालमा अहिले सामाजिक जवाफदेहिता एउटा चुनातीपूर्ण विषय बन्दै गएको छ । प्राय : अवस्थामा सेवा प्रवाह र सरकारी नीतिगत मापदण्डबीच ठूलो खाडल रहेको पाइन्छ । सेवा प्रदायकले गुणस्तरीय सेवा प्रदान गर्नुपर्छ भन्ने नीतिगत व्यवस्था छ तर शिक्षा र स्वास्थ्य जस्ता सेवालाई सरकारी नीति अनुसार प्रवाह गर्न सकिएको छैन । खतिवडा गाउँ विकास समिति जस्ता दुर्गम स्थानमा यो समस्या झन खराब देखिन्छ । यो गाउँमा अस्पताल, उच्च शिक्षा, बजार, सुविधासम्पन्न सार्वजनिक यातायातसम्म मानिसको पहुँच छैन । वास्तवमा भन्ने हो भने त्यहाँका मानिसहरू सरकारी निकायले प्रदान गर्ने सेवाको गुणस्तरमाथि प्रश्न उठाउन सक्ने अवस्थामा छैनन् ।

वर्ल्ड भिजनले स्थानीय पैरवी र सामाजिक जवाफदेहिताका लागि एउटा विधि अपनाएको छ । सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित उक्त कार्यक्रम नागरिक आवाज र कर्तव्य कार्यक्रमको नामले परिचित छ । यो कार्यक्रममार्फत् गुणस्तरीय सेवा पाउने अधिकार सबैसँग हुन्छ भनेर समुदाय र विद्यार्थीलाई जानकारी दिने गरिन्छ । यसले गर्दा उनीहरूले सामुदायिक भेलामा सहभागी हुने र सेवाको गुणस्तर सुधार गर्न सरकारी सेवा प्रदायकसँग रचनात्मक छलफल गर्ने अवसर प्राप्त गरेका छन् ।

वर्ल्ड भिजनको पैरवी व्यवस्थापक रविन्द्र गौतम भन्छन्, "वर्ल्ड भिजनले निश्चित विद्यालयमा नागरिक आवाज र कर्तव्य कार्यक्रम सञ्चालन गरी विद्यार्थीका लागि उपयुक्त सिकाइ वातावरणका लागि चाहिने आधारभूत सुविधा विद्यालयमा हुनुपर्छ भन्ने कुरालाई सुनिश्चित गर्न चाहन्छ । यो कार्यक्रमले गर्दा विद्यालयमा आधारभूत सुविधा उपलब्ध गराउनका लागि सम्बन्धित सरकारी निकायलाई जवाफदेही बनाउन सहयोग गर्नेछ ।"



# स्पोन्सरसीप

## बाल स्पोन्सरसीप

वर्ल्ड भिजनको बाल स्पोन्सरसीप कार्यक्रमले अति जोखिममा रहेका बालबालिकाको जीवनमा सुधार ल्याउने कार्यलाई विशेष जोड दिएको छ । वर्ल्ड भिजनले गरिबीका प्रमुख कारक हटाई दिगो परिवर्तन गर्न भन्दै समुदायसँग मिलेर एउटा एकीकृत विधि अपनाएको छ । वर्ल्ड भिजनको स्पोन्सरसीपबाट लाभान्वित एकजना बालबालिकाबाट अन्य ४ जना बालबालिकाले फाइदा लिन सक्छन् । अर्थात् सबै बालबालिकाको विकास होस् भनेर हामीले सम्पूर्ण समुदायको सशक्तीकरण गर्छौं ।

स्पोन्सरसीपको उद्देश्य भनेको बाल समृद्धि हो । वर्ल्ड भिजनले स्पोन्सरसीप कार्यक्रम सञ्चालित समुदायमा निम्न सूचकाङ्क र उपलब्धि अनुगमन गरी बाल समृद्धि मापन गर्छ । वर्ल्ड भिजनका निम्न लक्ष्य रहेका छन् :

स्वस्थ जीवन : बालबालिका र परिवारले षोषणयुक्त खाना खान्छन्, संक्रमण र रोगबाट सुरक्षित छन् र आधारभूत स्वास्थ्य सेवासम्म पहुँच छ भनेर सुनिश्चित गर्नुपर्छ ।

जीवनोपयोगी शिक्षा : बालबालिकालाई उनीहरूको अन्तर्निहित क्षमता विकास गर्ने र सिक्ने अवसर प्रदान गर्नुपर्छ, उनीहरूलाई भविष्यका लागि तयार पार्नुपर्छ र बालशिक्षाका लागि समुदाय र परिवारबीच सहकार्य हुनुपर्छ ।

माया र महत्वको अनुभूति : आफ्ना साथी, परिवार र समुदायका सदस्यसँग सकारात्मक सम्बन्ध छ र बालबालिकाले माया पाएका छन् भनेर सुनिश्चित गर्नुपर्छ ।

हेरचाह, संरक्षण र सहभागिता : हरेक बालबालिकालाई परिवारले हेरचाह र संरक्षण गर्नुपर्छ र परिवर्तनको बाहकका रूपमा उनीहरूलाई सहभागी हुने अवसर प्रदान गर्नुपर्छ ।

बाल स्पोन्सरका लागि प्राप्त हुने सहायतालाई समुदायको महत्वपूर्ण विकास कार्यमा प्रयोग गरिएको छ र यस्तो सहायताले बाल समृद्धिमा उल्लेख्य योगदान गरेको छ । स्पोन्सरसीपबाट स्वास्थ्य सेवा, आर्थिक अवसर, शिक्षा, खाद्य सुरक्षा र संरक्षण जस्ता सेवासम्म बालबालिको पहुँच विस्तार भएको छ । स्पोन्सरसीप कार्यक्रममार्फत् परिवार तथा समुदायले उनीहरूका बालबालिकाको विकास, वृद्धि र क्षमता प्रस्फुटनका लागि स्वस्थ वातावरण निर्माण गर्न सक्छन् ।

आ. व. २०१७ को अन्त्यसम्ममा अछाम, डोटी, जुम्ला, कैलाली, लमजुङ, मोरङ, रुपन्देही, सिन्धुली, सुनसरी र उदयपुर गरी १० जिल्लाका ३४,६५८ बालबालिका बालस्पोन्सरसीप कार्यक्रममा दर्ता भए । काठमाडौंमा भरखर सुरु गरिएको शहर केन्द्रित कार्यक्रमलगायतका १७ वटा क्षेत्रगत विकास कार्यक्रमले बालस्पोन्सरसीपका कामहरू सञ्चालन गरे ।



## सामुदायिक स्पोन्सरसीप

यदि कुनै स्पोन्सर वा स्पोन्सरको समूहले समुदायलाई स्पोन्सर गर्ने प्रतिबद्धता जनाएमा यस्तो प्रतिवद्धतबाट समुदायले भोगिरहेका चुनौती सम्बोधन गर्न सञ्चालित कार्यक्रमलाई वित्तीय सहयोग प्रदान गर्न तथा तिनका बालबालिकाका लागि उज्वल भविष्य निर्माण गर्न सकिन्छ । स्पोन्सरकर्ताले कुनै एक बालबालिकासँग सम्बन्ध स्थापना वा पत्राचार गर्नु पर्दैन । वर्ल्ड भिजनले आफूले गरेको कार्यप्रति समुदायको रुचि र यस्तो कार्यले ल्याएको परिवर्तनबारे नियमित रूपमा जानकारी उपलब्ध गराउँछ । स्पोन्सरमार्फत् आ. व. २०१७ को अन्त्यसम्ममा कैलालीको चिसापानी र जुम्लाको सिंजामा रहेका समुदायलाई सहयोग गरिएको थियो । यस्तो सहयोगबाट विकास परियोजना कार्यान्वयन गर्ने, खाद्य उत्पादन तथा आयमा सुधार र गुणस्तरीय शिक्षासम्मको पहुँच वृद्धि गर्ने र उनीहरूका प्रमुख स्वास्थ्य र शैक्षिक चुनौती सामना गर्ने कार्य गरिएको थियो ।

## बालबालिकाका नजरमा
# स्पोन्सरसीप



"वर्ल्ड भिजनका कर्मचारी आएर हामीलाई सँधै विद्यालय जान भन्नुहुन्छ ।"

सानिया (४), चिसापानी



"स्पोन्सरसीप कार्यक्रमले गर्दा मैले मेरा स्पोन्सरलाई पत्राचार तथा भिडियोमार्फत् आफ्ना भावना र विचार पठाउनसक्ने भएकी छु र उनीहरूबाट माया र सम्मान पाएकी छु । यो नै स्पोन्सरसीपको महत्वपूर्ण कुरा हो ।"

जानकी (१०), डोटी



"स्पोन्सरसीप भनेको बालबालिका, उनीहरूको परिवार र समुदायलाई सहयोग गर्ने र सकारात्मक सुधार ल्याउने कार्यक्रम हो ।"

प्रियंका (१६), मोरङ



"भूकम्प गएपछि हाम्रो विद्यालय बनाउन वर्ल्ड भिजनले सहयोग गरेको थियो । उनीहरूले हामीलाई धेरै खेलकुद सामग्री दिएको छन् । मलाई मन पर्ने खेल भनेको ब्याडमिन्टन हो ।"

प्रज्वल (७), सिन्धुली



"स्पोन्सरसीपबाट बालबालिकाले शैक्षिक हक र स्वास्थ्य सेवासम्मको पहुँच प्राप्त गरेका छन् । यसको महत्वपूर्ण पक्ष भनेको कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुनु हुँदैन भन्ने हो ।"

सुनिता (१८), मोरङ



"स्पोन्सरसीपबाट सरसफाइबारे थाहा पाएकी छु । अहिले मेरो विद्यालय र समुदाय सफा छ ।"

पवित्रा (१०), अछाम ।

# आर्थिक प्रतिवेदन

# विकास कार्यक्रम

## कूल खर्च (अमेरिकी डलरमा)

| | |
|---|---|
| आ.व. सन् २०१७ | ९,०८७,३७३ |
| आ.व. सन् २०१६ | ७,१६५,१५९ |




## आ.व. सन् २०१७ मा स्रोतअनुसारको खर्च (अमेरिकी डलरमा)

| | |
|---|---|
| स्पोन्सरसीप | ६,१६९,८९८ |
| अनुदान/निजी | २,९१७,४७५ |
| **कूल** | **९,०८७,३७३** |



## आ. व. सन् २०१७ को क्षेत्रगत खर्च (अमेरिकी डलरमा)

- कार्यक्रम तथा परियोजना व्यवस्थापन (२१%)
- शिक्षा तथा जीवनोपयोगी सीप (१९%)
- विपद् न्यूनीकरण (१३%)
- आर्थिक विकास (९%)
- जीविकोपार्जन (८%)
- स्पोन्सरसीप सेवा (७%)
- स्वास्थ्य (७%)
- बाल हितका लागि सामुदायिक संलग्नता (६%)
- खानेपानी तथा सरसफाइ (३%)
- पोषण (३%)
- बाल संरक्षण (३%)
- साझेदार संस्थाहरूको सांगठनिक क्षमता विकास (१%)
- आपत्कालीन प्रतिकार्य (०%)



# नेपाल भूकम्प प्रतिकार्य कार्यक्रम

## कूल खर्च (अमेरिकी डलरमा)


| | |
|---|---|
| आ.व. सन् २०१७ | ११,९११,२०० |
| आ.व. सन् २०१६ | २१,२२६,७७७ |

## आ. व. सन् २०१७ मा स्रोतअनुसारको खर्च (अमेरिकी डलरमा)


| | |
|---|---|
| निजी | ७,५०८,१३५ |
| अनुदान | ४,४०३,०६५ |
| **कूल** | **११,९११,२००** |

## आ. व. सन् २०१७ को क्षेत्रगत खर्च (अमेरिकी डलरमा)

- खाद्य सुरक्षा तथा जीविकोपार्जन (३६%)
- कार्यक्रम तथा परियोजना व्यवस्थापन (२२%)
- आवास तथा गैरखाद्य सामग्री (१७%)
- खानेपानी, सरसफाइ र स्वच्छता (१५%)
- स्वास्थ्य र पोषण (६%)
- शिक्षा (२%)
- इनोभेसन ल्याब (१%)
- बाल संरक्षण (१%)




अनुमतिप्राप्त बाह्य लेखा परीक्षक, आन्तरिक लेखा परीक्षक र अन्तर्राष्ट्रिय लेखा परीक्षकबाट वर्ल्ड भिजनका हिसाब खाताहरूको लेखा परीक्षण गरिएको छ।


PROVINCE NO. 1
PROVINCE NO. 2
PROVINCE NO. 3
PROVINCE NO. 4
PROVINCE NO. 5
PROVINCE NO. 6
PROVINCE NO. 7
Taplejung
Panchthar
Ilam
Jhapa
Terhathum
Sankhuwasabha
Dhankuta
Morang
Sunsari
Bhojpur
Khotang
Solukhumbu
Okhaldhunga
Udayapur
Saptari
Siraha
Dhanusha
Mahottari
Sarlahi
Rautahat
Bara
Parsa
Dolakha
Ramechhap
Sindhuli
Sindhupalchowk
Kavrepalanchowk
Bhaktapur
Kathmandu
Lalitpur
Nuwakot
Rasuwa
Dhading
Makawanpur
Chitawan
Gorkha
Lamjung
Tanahun
Manang
Kaski
Mustang
Syangja
Parbat
Myagdi
Baglung
Nawalparasi_E
Nawalparasi_W
Palpa
Rupandehi
Kapilvastu
Arghakhanchi
Gulmi
Pyuthan
Rukum_E
Rolpa
Dang
Banke
Bardiya
Dolpa
Mugu
Humla
Jumla
Rukum_W
Jajarkot
Salyan
Kalikot
Dailekh
Surkhet
Bajura
Bajhang
Achham
Darchula
Baitadi
Doti
Dadeldhura
Kailali
Kanchanpur
WWIN programme/project areas
WWIN earthquake response areas
LEGEND
International boundary
Provincial boundary
District boundary
0
50
100
200
300
400
Km

# हाम्रा कार्यक्षेत्रहरू

## नेपाल भूकम्प प्रतिकार्य कार्यक्रम

प्रदेश नं. ३

### सिन्धुपाल्चोक जिल्ला
- बलेफी नगरपालिका
- चौतारा साँगाचोकगढी नगरपालिका
- मेलम्ची नगरपालिका

### नुवाकोट जिल्ला
- सूर्यगढी गाउँपालिका
- टाढी गाउँपालिका
- विदुर नगरपालिका

प्रदेश नं ४

### गोरखा जिल्ला
- अजिरकोट गाउँपालिका
- पालुङटार गाउँपालिका
- सिरानचोक गाउँपालिका

## विकास कार्यक्रम

प्रदेश नं १

### मोरङ जिल्ला
- बुढीगंगा गाउँपालिका
- ग्रामथान गाउँपालिका
- सुन्दरहरैचा नगरपालिका
- बिराटनगर महानगरपालिका

### सुनसरी जिल्ला
- गढी गाउँपालिका
- इनरुवा नगरपालिका
- रामधुनी नगरपालिका
- इटहरी उपमहानगरपालिका

### उदयपुर जिल्ला
- रौतामाई गाउँपालिका
- सुनकोशी गाउँपालिका
- टपली गाउँपालिका
- उदयपुरगढी गाउँपालिका
- कटारी नगरपालिका
- त्रियुगा नगरपालिका

प्रदेश नं ३

### काठमाडौं जिल्ला
- कीर्तिपुर नगरपालिका

### सिन्धुली जिल्ला
- गोलानजोर गाउँपालिका
- फिक्कल गाउँपालिका
- तीनपाटन गाउँपालिका

प्रदेश नं ४

### लमजुङ जिल्ला
- दोर्दी गाउँपालिका
- कोल्हासोथर गाउँपालिका
- बेसीशहर नगरपालिका
- सुन्दरबजार नगरपालिका

प्रदेश नं ५

### रुपन्देही जिल्ला
- सियारी गाउँपालिका
- सुद्धोधन गाउँपालिका
- तिलोत्तमा नगरपालिका

प्रदेश नं ६

### जुम्ला जिल्ला
- गुठिचौर गाउँपालिका
- पत्रासी गाउँपालिका
- तातोपानी गाउँपालिका
- तिला गाउँपालिका
- चन्दननाथ नगरपालिका

प्रदेश नं ७

### अछाम जिल्ला
- मेलेख गाउँपालिका
- कमलबजार नगरपालिका
- पञ्चदेवल विनायक नगरपालिका
- साफेबगर नगरपालिका

### डोटी जिल्ला
- आदर्श गाउँपालिका
- पूर्वीचौकी गाउँपालिका
- सयल गाउँपालिका
- दिपायल सिलगढी नगरपालिका

### कैलाली जिल्ला
- कैलरी गाउँपालिका
- भजनी नगरपालिका
- गौरीगंगा नगरपालिका
- घोडाघोडी नगरपालिका
- टिकापुर नगरपालिका

# वर्ल्ड भिजन इन्टरनेसनल नेपाल

परिमार्जित राष्ट्रिय रणनीति सन् २०१८ – २०२०

सन् २०१६–२०२० को लक्ष्य : नेपालमा १० लाख बालबालिकाको दिगो समृद्धिका लागि गरिबी र असमानताका कारकहरू सम्बोधन गर्ने

| सन् २०१७ मा | | | सन् २०२० सम्ममा |
|---|---|---|---|
| राष्ट्रिय कार्यालयअन्तर्गत १८ वटा क्षेत्रगत विकास कार्यक्रम | भूकम्प प्रतिकार्यअन्तर्गत ३ वटा जिल्ला स्तरीयकार्यालय | क्षेत्र | १५ वटा क्षेत्रगत विकास कार्यक्रम |
| राष्ट्रिय कार्यालयअन्तर्गत ९३ लाख अमेरिकी डलर | भूकम्प प्रतिकार्यअन्तर्गत १ करोड ३४ लाख अमेरिकी डलर | बजेट | १ करोड ६० लाख अमेरिकी डलर |
| राष्ट्रिय कार्यालय :<br>• **शिक्षा**<br>• **स्वास्थ्य**<br>• **संरक्षण**<br>• **उत्थानशीलता**<br>बहुक्षेत्रगत विषय : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र विपद् जोखिम न्यूनीकरण | भूकम्प प्रतिकार्य :<br>• **जीविकोपार्जन**<br>• **खानेपानी, सरसफाइ तथा स्वच्छता**<br>• **आवास**<br>बहुक्षेत्रगत विषय : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् जोखिम न्यूनीकरण र बाल संरक्षणको मूलप्रवाहीकरण | क्षेत्रगत विषय | • **शिक्षा**<br>• **स्वास्थ्य**<br>• **संरक्षण**<br>• **उत्थानशीलता**<br>बहुक्षेत्रगत विषय : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् जोखिम न्यूनीकरण र शान्तिका लागि स्थानीय क्षमता अभिवृद्धि |
| स्पोन्सरसीप : ६०%<br>निजी र अनुदान सहयोग: ४०% | | स्रोतको प्रकार | स्पोन्सरसीप :४०%<br>निजी र अनुदान सहयोग : ६०% |

## सन् २०२० सम्मको योजना

| | | | |
|---|---|---|---|
| गुणस्तरीय, सुरक्षित तथा समावेशी आधारभूत शिक्षामा बालबालिकाको समान पहुँच | बाल स्वास्थ्यमा सुधार | जोखिममा रहेका समूहहरूको संरक्षणमा | विपद् तथा आर्थिक संकटविरुद्ध समुदायको उत्थानशीलता वृद्धि |

## कार्यक्षेत्रमा लक्षित परिवर्तनहरु

| | | | |
|---|---|---|---|
| **शिक्षा**<br>बोधसहित पढ्न सक्ने बालबालिकाको संख्या २५ प्रतिशतले वृद्धि हुने | **स्वास्थ्य**<br>कम तौल भएका बालबालिकाको संख्या १० प्रतिशतले कम गर्ने | **संरक्षण**<br>५० प्रतिशत बालबालिकाले हानिकारक प्रचलनहरू (बालविवाह र लैङ्गिक हिंसा) को रिपोर्ट गर्ने<br>बाल संरक्षणको मुद्दा सम्बोधन गर्न २४७ वार्डमा सक्रिय स्थानीय समितिहरू स्थापना गर्ने । | **उत्थानशीलता**<br>आफ्ना बालबालिकाका आवश्यकता पूरा गर्नसक्ने अभिभावकको संख्यामा ५० प्रतिशतले वृद्धि गर्ने<br>१८५ वटा वडामा स्थानीय विपत् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने<br>रोजगारी, शिक्षा वा तालिममा संलग्न युवाहरूको संख्यामा ५० प्रतिशतले वृद्धि गर्ने |

नोट : वर्ल्ड भिजनको आर्थिक वर्ष अक्टोबरबाट शुरु भई सेप्टेम्बरमा अन्त्य हुन्छ ।

World Vision


**वर्ल्ड भिजन इन्टरनेसनल नेपाल**

पो. ब. २१९६९, काठमाडौं, नेपाल
फोन : ९७७-५५४८८७७/५५४७१७७
फ्याक्स : ९७७-५०१३५७०
इमेल : info_nepal@wvi.org

www.wvi.org/nepal @wvinpl @wvinepal @wvnepal